मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस ४ गते शनिवार (Saturday, December 19. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

प्रकाशचन्द्र न्यौपानेको कविता संग्रह 'गमलाको पीपल': पृष्ठ २




# लैंगिक हिंसाको कारक बन्दैछ प्रविधि तथा सामाजिक सञ्जाल


तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, पुस ३।** सामाजिक सञ्जाल तथा प्रविधिको दुरुपयोगका कारण लैङ्गिक हिंसाका घटना बढेको पाइएको छ। प्रविधिको दुरुपयोग गरी अपराध भइरहेका छन्- जिल्लाको अवस्था बारे बताउँदै झापाका प्रहरी प्रमुख कृष्ण प्रसाद कोइरालाले भने- 'लैङ्गिक तथा घरेलु हिंसाको मुख्य कारक पनि प्रविधि तथा सामाजिक सञ्जाल बन्दैछ।'

प्रहरी समक्ष आएका लैङ्गिक हिंसाका घटना सम्बन्धी उजुरीमा २८ प्रतिशत हिंसाको कारक सामाजिक सञ्जाल तथा प्रविधि देखिएको कोइरालाले बताए। त्यस्तै यौनजन्य हिंसामा सम्लग्न अधिकांश छिमेकी आफन्त तथा विश्वास गरिएकाहरु नै रहेको पाइएको छ। यौनजन्य हिंसाका कूल घटना मध्ये ९७ प्रतिशत घटनामा यस्तो सम्लग्नता पाइएको तथ्याङ्क कोइरालाले सार्वजनिक गरे।

**महिला तथा बालवालिकाविरुद्ध अपराध**

चालू आर्थिक वर्षको मंसीर मसान्तसम्म झापामा एक सय वटा महिला तथा बालवालिकाबिरुद्ध अपराध घटेका छन्। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार अघिल्लो आर्थिक वर्ष २०७६/०७७मा एक सय ८१ वटा घटना घटेको र यस आर्थिक वर्षको अहिलेसम्ममा एक सय यस्ता घटना घटेको तथ्यांकमा उल्लेख छ।

महिला तथा बालवालिकाबिरुद्ध अपराध सम्बन्धी प्रहरीमा मुद्दा परेको र जसमा ८२ वटा मुद्दामा सहमति भएको छ। अदालत पठाइएको ८ वटा र मुद्दा फछ्र्यौट हुन १० वटा बाँकी रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्ण कोइरालाले जानकारी दिए। पछिल्लो तीन वर्षे तथ्याङ्क हेर्ने हो भने सबैभन्दा बढी आर्थिक वर्ष २०७६/०७७मा महिला तथा बालवालिकाविरुद्ध अपराधका घटना घटेका छन्। आर्थिक वर्ष २०७५/०७६मा १५२ वटा घटना घटेका थिए।

प्रहरीका अनुसार ९८ वटा घटना सामाजिक सञ्जाल तथा फोनको दुरुपयोगका कारण घटेका छन्। पारिवारिक बेमेलका कारण पनि बढी हिंसा भएका छन्। पारिवारिक बेमेलका कारण आर्थिक वर्ष २०७५/०७६मा ५५ वटा घटना घटेको जिल्ला प्रहरी कार्यालय झापाको तथ्याङ्कमा उल्लेख छ। त्यस्तै २८ वटा घटना मादक पदार्थ सेवनका कारण घटेको तथ्याङ्मा उल्लेख छ।

कूल घरेलु हिंसाको उजुरीको कारणमध्ये सबैभन्दा धेरै ५५प्रतिशत पारिवारिक बेमेलको (विविध पारिवारिक बिषय) कारण रहेको पाइएको छ। मादक पदार्थ सेवनको कारणबाट ३० प्रतिशत र सामाजिक सञ्जाल तथा फोनको दुरुपयोगको कारण १५प्रतिशत घरेलु हिंसाको उजुरी परेको प्रहरीले जनाएको छ।

**यौनजन्य अपराध**

झापामा ६६ वटा यौनजन्य अपराधका घटना घटेका छन्। जसमा जबरजस्ती करणीका धेरै छन्। जवरजस्ती करणीका मात्रै ५० वटा घटना घटेका छन् भने ११ वटा करणी उद्योग र ५ वटा बाल यौन दुरुपयोग र

(बाँकी अन्तिम पृष्ठमा)

## लैगिक हिंसा पीडितलाई तत्काल न्याय दिलाउन जोड

**बिर्तामोड, पुस ३।** झापाको बिर्तामोडमा शुक्रवार शुक्रबार 'लैङ्गिक हिंसाः नियन्त्रणका उपाय, न्यायमा पीडितहरुको सहज पहुँच र कानूनी उपचार' विषयक संवाद सम्पन्न भएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला र अधिवक्ता खगेन्द्र खरेलले सहजीकरण गरेको संवादमा जिल्लाका ६० जनाको सहभागिता थियो।

संवाद समूह झापाले संयोजन गरेको कार्यक्रममा प्रहरी उपरीक्षक कोइरालाले लैङ्गिक हिंसाको प्रकृति, जिल्लाको अवस्था र समाजका अगुवाले निर्वाह गर्नुपर्ने दायित्वबारे बताएका थिए। उनले हिंसापीडितलाई न्यायमा पहुँच पुऱ्याउन जतिसक्दो चाँडो प्रमाणसहित कानूनी उपचारको बाटो अवलम्बन गर्न उनले सबैलाई सुझाए। कार्यक्रममा अपाङ्गता भएका, हिंसापीडित, जनप्रतिनिधि, महिला अधिकारका क्षेत्रमा काम गर्ने संस्थाका अगुवाहरुको सहभागिता रहेको थियो।

घटनालाई लुकाउँदा तथा बढाइ-चढाइ गर्दा पीडित झन पीडित बन्ने र पीडकले उन्मुक्ति पाउने गरेको कार्यक्रममा बताइयो। सहभागीले विभिन्न हिंसाका घटना र कानूनी उपचारबारे सहजकर्तासँग हाकाहाकी सवाल-जवाफ गरेका थिए।

सबैखाले हिंसा नियन्त्रणमा जनचेतना लगायतका माध्यमबाट सशक्त ढंगले अघि बढ्दै पीडितलाई न्यायका लागि पीडकलाई कानूनी कठघरामा उभ्याउन अग्रणी भूमिका निर्वाह गर्ने सहभागीले प्रतिबद्धता जनाए। पछिल्लो समय सामाजिक सञ्जाल तथा प्रविधिको दुरुपयोगका कारण लैङ्गिक हिंसा बढेकोले हिंसा न्यूनीकरणमा प्रविधिको सदुपयोगमा जोड दिइएको थियो।

## अनुमतिविनै कक्षा सञ्चालन




अमित खम्बू

**अर्जुनधारा, मंसीर ३।** मन्त्रिपरिषद्को निर्णयबाट कोभिड-१९को जोखिमलाई मध्यनजर गरी विद्यालय सञ्चालनको जिम्मा पाएको स्थानीय सरकारको अनुमतिविनै झापाको अर्जुनधारामा विद्यालयहरु सञ्चालन गरिएको छ।

नियम अनुसार नगर शिक्षा युवा तथा खेलकुद शाखामा विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ बमोजिम निवेदन पेश गरेर शाखाले अनुमति दिएपछि मात्र विद्यालय सञ्चालन गर्नुपर्नेमा आफूखुशी विद्यालयहरु सञ्चालन भइरहेको पाइएको छ।

विद्यालय सञ्चालनको जिम्मा स्थानीय सरकारलाई दिएसँगै नगर कार्यपालिकाको बैठकबाट निर्णय भए पनि प्रमाणीकरण हुन बाँकी रहेको अवस्थामा अनुमति नलिई विद्यालय सञ्चालन गर्नु नीति विपरीत भएको शाखा प्रमुख तोयानाथ रेग्मीले बताए। निर्णय प्रमाणीकरणपछि विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ बमोजिम विद्यालयले निवेदन शाखामा पेश भएपछि मात्र सञ्चालनको अनुमति दिइनेछ- उनले भने।

हालसम्म जम्मा २९ वटा संस्थागत विद्यालयमध्ये ७ र २८ वटा सामुदायिक विद्यालयमध्ये ९ वटा विद्यालय गरी जम्मा १६ वटा विद्यालयले मात्र उक्त कार्यढाँचा बमोजिमको निवेदन पेश गरेको शाखाले जनाएको छ। निवेदन पेश गर्नेमा संस्थागत विद्यालयतर्फ एम्स एकाडेमी, देवभूमि विद्यापीठ, प्रतिभा नमूना अङ्ग्रेजी माध्यमिक विद्यालय, ब्रिलियन्ट पिपुल्स माध्यमिक विद्यालय, ब्ल्यू हेभन एजुकेशन फाउण्डेशन, शान्ति निकेतन मन्दिर र सूर्यज्योति अंग्रेजी आवासीय विद्यालय रहेका छन्।

त्यसैगरी सामुदायिक विद्यालयतर्फ अर्जुनधारा माध्यमिक

(बाँकी अन्तिम पृष्ठमा)

## फेसबुकमार्फत अश्लील सन्देश पठाएपछि...

**मोरङ, पुस ३।** फेक इमेल तथा सामाजिक सञ्जाल फेसबुकमार्फत महिलाहरुलाई अश्लील सन्देश, तस्बीर पठाउने, यौन उत्पीडन एवम् हैरानी गरेको अभियोगमा दुई जनालाई प्रहरी प्रधान कार्यालय साईबर ब्यूरोबाट खटिएको प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा काठमाडौं बुढानिलकण्ठ नगरपालिका-७ गल्फुटार बस्ने मोरङ विराटनगर उपमहानगरपालिका-३घर भएका ३३ वर्षीय सुमन रेग्मी र चितवन माडी नगरपालिका-६ कल्याणपुर बस्ने ३५ वर्षीय थमबहादुर विश्वकर्मा रहेका छन्। सुमनलाई

(बाँकी अन्तिम पृष्ठमा)

## के दुवै पक्षले एकताको 'माया मारेकै हुन्' ?

**काठमाडौं, पुस ३।** नेकपा अनुशासन आयोगका अध्यक्ष अमृतकुमार बोहराले एक महिनाअघि विज्ञप्ति जारी गर्दै 'पार्टीमा देखापरेका अनुशासन र पद्धतिहीनता, गुटबन्दी र अराजकता' जस्ता विद्यमान विकृति र विसङ्गतिलाई सघन वैचारिक संघर्षद्वारा परास्त गर्न' नेतृत्वलाई आग्रह गरेका थिए।

उनी अहिले बनेको प्रचण्ड र माधव नेपाल पक्षका नेताको रूपमा चिनिन्छन्। उक्त समूहले काठमाडौं पेरिसडाँडास्थित पूर्वमाओवादीको केन्द्रीय कार्यालयमा शुक्रवार प्रदेश नं. १को आफू पक्षीय समूहको भेला आयोजना गरेको समाचार बाहिर आयो।

यसअघि प्रचण्ड पक्षले प्रधानमन्त्री केपी शर्मा ओली पक्षमाथि गुटगत भेला गरेको आरोप लगाउँदै त्यो रोक्न आग्रह गर्ने गरेको थियो।

**'नगरिदिए हुन्थ्यो'**

पछिल्ला दिनमा उक्त समूहले नै लगातार आफ्नो पक्षको 'भेला' गरिरहेको खबर आएका छन्। त्यसो भए प्रचण्ड-नेपाल पक्षले आयोजना गरेको भनिएका भेला के अनुशासन आयोगका प्रमुख बोहराले

**नेकपा विवाद**

ठम्याएको 'अनुशासन र पद्धतिहीनता, गुटबन्दी र अराजकता' भित्र पर्दैन ?

बोहरा भन्छन्- त्यो सबैलाई भनेका छौं, बैठकमा हामीले पर्याप्त भनेका छौं, जे छ समस्या खुलेरै छलफल गरौं। तर, सिधै त्यसलाई अनुशासन विपरीतको कदम भन्ने अवस्थामा नरहेको उनको भनाइ छ। 'नगरिदिए हुन्थ्यो'- बोहराले भने- 'तर एकथरीले गऱ्या-गऱ्यै गर्ने, त्यसो भएपछि अर्कोथरी पनि चुप लागेर बस्ने स्थिति भइदिएन। बालुवाटार पक्षले पनि यस्तैयस्तै गऱ्या छ।'

**पेरिसडाँडामा 'भेटघाट'**

तर, उनले प्रचण्ड-नेपाल पक्षबाट भइरहेका भनिएका भेलाहरूबारे औपचारिक जानकारी नरहेको बताए। कसैलाई पनि त्यस्ता भेला नगर्न बैठकमा आफूले नभनेको बोहोराको भनाइ छ।

नेकपा प्रदेश नं. १का इन्चार्ज भीम आचार्य लगायतका नेताहरूसँग सम्पर्क हुन सकेन। केहीले बैठकमा रहेको भन्दै प्रतिक्रिया दिएनन्। नेतृ पम्फा भुसालले भने पेरिसडाँडास्थित कार्यालयमा भेला

(बाँकी अन्तिम पृष्ठमा)

## कर्णाली साकोसको नाफा पाँच करोड भन्दावढी



**बिर्तामोड, पुस ३।** झापाको बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको कर्णाली बचत तथा ऋण सहकारी संस्थाले आर्थिक वर्ष २०७६/०७७मा पाँच करोड भन्दावढी नाफा कमाएको छ।

शनिवार हुने संस्थाको २०औं बार्षिक साधारणसभाको जानकारी दिन शुक्रबार आयोजित पत्रकार सम्मेलनमा संस्थाले आर्थिक वर्ष २०७६/०७७मा पाँच करोड ३८ लाख ६१ हजार ६ सय १० रुपैयाँ नाफा कमाएको जानकारी दिएको हो।

(बाँकी अन्तिम पृष्ठमा)

## आफन्त खोज्दै अस्पताल



**झापा, पुस ३।** झापाको बिर्तामोडस्थित पूर्ण-टुङ्ग बिर्ता सिटी अस्पतालले एक बिरामीको आफन्त नहुँदा डिस्चार्ज भएको ६० दिनदेखि बिरामी अस्पतालमै रहेको जनाएको छ।

पाँचथरको फाल्गुनन्द गाँउपालिका-४का ४५ वर्षीय पूर्णबहादुर लिम्बू टाउँकोमा गम्भीर चोटका कारण गत असोज २६ गते अस्पताल भर्ना भएका थिए। फाल्गुनन्द गाउँपालिका-४का वडाध्यक्ष मनबहादुर चेम्जोङ (दिलबहादुर) ले पूर्णबहादुरलाई एम्बुलेन्समा हालेर बिर्तासिटी अस्पताल पठाएका थिए। अस्पताल आए लगत्तै उनको शल्यक्रिया गर्नुपर्ने भन्दै चिकित्सकहरुले तत्कालै शल्यक्रिया गरेका थिए। उनको टाउकोमा गम्भीर चोट लागेको उपचारमा संलग्न न्यूरो सर्जन डाक्टर सीपी लिम्बूले बताए। मस्तिष्कमा रगत जमेकाले उनको तत्काल शल्यक्रिया गर्नुपरेको उनले बताए।

बिरामीकी बहिनी रोनिशा नेम्वाङका साथ आएका घाइते पूर्णबहादुरको सफल शल्यक्रिया भएको थियो। उपचारमा न्यूरो सर्जन डाक्टर लिम्बूसहित डाक्टर दिग्गज श्रेष्ठको चिकित्सक टोलीले उपचार गरेको थियो। उपचारमा संलग्न डाक्टर लिम्बूका अनुसार जटिल अवस्थामा अस्पताल आएका पूर्णबहादुरको सफल शल्यक्रियासँगै स्वास्थ्यमा क्रमिक सुधार भएको छ।

अस्पतालले पूर्णबहादुरलाई कात्तिक ३ गते नै डिस्चार्ज दिएको थियो। अस्पतालले डिस्चार्ज दिए पनि बिरामी बुझेर लैजाने आफन्त नहुँदा उनी दुई महिनादेखि अस्पतालमै बेबारिसे अवस्थामा रहेको अस्पताल प्रशासक बिनोदकुमार बस्नेतलले जानकारी दिए। प्रशासक बस्नेतका अनुसार बिरामी लिम्बूको खानपान र स्याहारसुसार चिकित्सक र नर्सले आफ्नै तर्फबाट गर्दै आएका छन्। पूर्णबहादुर निको भए लगत्तै बहिनी पनि अस्पताल आउन छाडेको बताइएको छ।

लामो समयदेखि बेबारिसे जस्तै रहेका पूर्णबहादुरको आफन्त खोजीदिन अस्पतालले इलाका प्रहरी कार्यालय अनारमनीमा गत कात्तिक २६ गते निवेदन समेत दिएको अस्पताल प्रशासनले

(बाँकी अन्तिम पृष्ठमा)

**कर्मचारी आवश्यकता**

**यस संस्थालाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला।**

पदः **व्यवस्थापकः** १ जना

**योग्यताः** स्नातक उत्तीर्ण (कम्तीमा ५० प्रतिशत ल्याई उत्तीर्ण गरेको) व्यवस्थापन, कानून, आइटी वा अर्थशास्त्रमा

**उमेरः** ४० बर्ष ननाघेको

**आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र, २ प्रति पासपोर्ट साइजको फोटो र वायोडाटासहित

**अन्तरवार्ता** : २०७७ पुस ४ गते (बिहान १०:३० बजेबाट ११:३० बजेसम्म)

**तलब : आपसी समझदारीमा तय गरिनेछ।**

**नोट** : टेलिफोन कल लिइनेछैन।

**सुमेरु सेक्यूरिटिज सर्भिस (वो.नं. ३९)**

**कृषिथोक चोक डेनियल होटलको पूर्वपट्टि, बिर्तामोड**

## कर्णाली ...

संस्थाको नाफा कमाउने लक्ष्य आठ करोड भए पनि कोरोना भाइरसको संक्रमणको त्रासबाट बच्न सरकारले जारी गरेको लकडाउनका कारण व्यापार व्यवसाय ठप्प हुँदा लक्ष्य अनुसारको नाफा कमाउन नसकिएको अध्यक्ष टसबहादुर श्रेष्ठले बताए । कार्यक्रममा अध्यक्ष श्रेष्ठले संस्थाको २०औं बार्षिक साधारणसभामा प्रस्तुत गरिने बार्षिक प्रगति प्रतिवेदन बारे जानकारी गराएका थिए ।

संस्थाको शेयर सदस्य ३३ हजार नौ सय ५९ जना, शेयर पूँजी २८ करोड तीन लाख ५१ हजार पाँच सय रुपैयाँ, निक्षेप एक अर्व तीन करोड ७० लाख २६ हजार ४९ रुपैयाँ ,ऋण लगानी दुई अर्व एक करोड ८५ लाख तीन सय ९० रुपैयाँ , आम्दानी ३२ करोड ५१ लाख४८ हजार नौ सय २८ रुपैयाँ , खर्च २६ करोड ८५ लाख ८७ हजार तीन सय १० रुपैयाँ र नाफा पाँच करोड ३८ लाख ६१ हजार ६ सय १० रुपैयाँ रहेको कार्यक्रममा जानकारी दिइयो ।

लकडाउनको चार महिनाको अवधिमा ऋणी सदस्यहरुलाई व्याजमा ५-१० प्रतिशत छुट गर्दा ३५ लाख ४३ हजार सात सय ३१ रुपैयाँ व्याज छुट गरेको सामान्य आयआर्जन गर्ने तथा दैनिक मजदुरी गर्ने सदस्यहरुलाई जीविकोपार्जन तथा व्यवसाय पुनस्थापित गर्न पाँच हजार रुपैयाँसम्म निर्व्याजी ऋण दिएको, १० हजारसम्म १० प्रतिशतसम्म ब्याजदरमा ऋण उपलब्ध गराएको जनाइएको छ ।

त्यस्तै सदस्यले तिर्नुपर्ने ऋणको पुस मसान्तसम्ममा कुनै पनि हर्जना नलिने र सदस्यले क्षमता अनुसार किस्ता क्रमशः तिर्न सक्ने संस्थाले जनाएको छ । त्यस्तै सदस्य उपचारकोषमा आवद्ध बिरामी सदस्यहरुलाई ३३ लाख २३ हजार पाँच सय ६३ रुपैयाँ उपचार खर्च, कर्जा सुरक्षण कोषमा आवद्ध भई मृत्युवरण गरेका सदस्यका नामको २३ लाख ३४ हजार दुई सय २४ रुपैयाँ कर्जा मिनाह, जीवन तथा आवास कोषमा आवद्ध सदस्य र उनीहरुका परिवारका सदस्यको मृत्युमा ३१ लाख १९ हजार आठ सय रुपैयाँ काजकिरिया खर्च प्रदान गरिएको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी झापाका १५ वटा पालिकामा स्थानीय तहले स्थापना गरेको कोरोना कोषमा आठ लाख रुपैयाँ प्रदान गरेको, पीसीआर ल्याव स्थापना गर्न एकका लागि एक अभियानलाई एक लाख ११ हजार रुपैयाँ प्रदान गरेको, उद्धार बचत तथा ऋण सहकारी संस्था दमक-६ , गतिशिल बचत तथा ऋण सहकारी संस्था अर्जुनधारा-६, ग्रामीण कृषि सहकारी संस्था शिवगञ्ज र वेल्टार कृषि सहकारी संस्था खुदुनावारीबीच एकीकरण गरिएको कार्यक्रममा जानकारी दिइयो ।

कोरोना महामारीका कारण सरकार र सहकारी विभागको साधारणसभा सम्वन्धी निर्देशन अनुसार संस्थाको २०औं बार्षिक साधारणसभा संस्थाका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति तथा विभिन्न उपसमितिका पदाधिकारी, प्रतिनिधि शेयर सदस्यहरुको सहभागितामा शनिवार बिर्तामोडको आदर्श व्याङ्क्वेटमा गरिने संस्थाका अध्यक्ष श्रेष्ठले बताए ।

कार्यक्रमको सञ्चालन संस्थाका ऋण विभाग प्रमुख मनोहरि निरौलाले गरेको जनशक्ति विभाग प्रमुख लक्ष्मीप्रसाद भट्टराईले जानकारी दिए ।

## लैंगिक ...

अप्राकृतिक मैथुनका घटना रहेका छन् ।

पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७५/०७६मा धेरै घटना घटेका छन् । जुन वर्ष १७४ वटा यौनजन्य अपराधका घटना घटेका थिए । त्यस्तै आर्थिक वर्ष २०७६/०७७मा १२६ वटा घटना घटेका छन् । गतवर्ष घटेका घटनामध्ये जवरजस्ती करणी ८५, करणी उद्योगका २४, बाल यौन दुरुपयोगका १३ र अप्राकृतिक मैथुनका ४ वटा घटना रहेका छन् ।

यौनजन्य अपराधका घटनामा १८ वर्षमुनिका धेरै छन् । एक वर्षको तथ्याङ्क हेर्दा ४६ वटा घटना १८ वर्ष मुनिका बालिकामा जवरजस्ती करणी भएको छ । १० वटा उद्योग र १३ वटा बाल यौन दुरुपयोग भएको जिल्ला प्रहरी कार्यालय झापाको तथ्याङ्कमा उल्लेख छ ।

त्यस्तै १८देखि २५ वर्ष उमेर समूहका २७ जनामा जवरजस्ती करणी, ५ जनामा करणी उद्योगका घटना घटेका छन् । २५देखि ३५ वर्ष उमेर समूहका ८ जनामाथि जवरजस्ती करणी भएको छ । त्यस्तै ६ जनामा करणी उद्येगको घटना घटेका हुन् । ३५देखि ४० वर्ष उमेर समूहका ३ जनामा जवरजस्ती र १ जनामा करणी उद्योगका घटना घटेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । ४५देखि ६० वर्ष उमेर समूहमा दुई महिलालाई करणी उद्योग र एक महिलामाथि जवरजस्ती करणी भएको प्रहरीमा उजुरी परेको प्रहरी उपरीक्षक कोइरालाले बताए ।

यौनजन्य अपराधका घटनामा ५१ वटा छिमेकीबाटै पीडित छन् । ४१ वटा साथीभाइ, १० वटा नाता र ४ वटा अपरिचित व्यक्तिबाट पीडित बनेको उजुरी प्रहरीमा परेका छन् । यौनजन्य अपराध घटनामा ९७ प्रतिशत परिचित व्यक्तिहरुबाट नै पीडित भएको पाइएको छ ।

यौनजन्य अपराधका पीडित मध्ये ८० प्रतिशत महिला साधारण लेखपढ मात्र गर्न जान्ने रहेको पाइएको छ । तथ्याङ्क अनुसार सामान्य लेखपढ गर्न जान्ने ९७ प्रतिशत महिला पीडित छन् । २० प्रतिशत एसएलसी र कक्षा १२ उत्तीर्ण गरेका छन् । लेखपढ गर्न मात्रै जान्ने ४ र प्लस टु भन्दामाथि १ जना मात्रै रहेको पाइएको छ ।

यौनजन्य अपराधमा संलग्न ७१ प्रतिशत पीडक साधारण लेखपढ मात्र गर्न जान्ने रहेको प्रहरीले जनाएको छ । यौनजन्य अपराधका सबैभन्दा धेरै घटनाहरुमा पीडकले पीडितलाई बिभिन्न डर, धाक त्रास, धम्की दिई घटना घटाउने गरेको पाइएको छ । यस्तै पीडितलाई बिभिन्न किसिमका प्रलोभन समेतमा पारी यौनजन्य अपराधका घटनाहरु घट्ने गरेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

योसँगै बैदेशिक रोजगारीबाट फर्किए पश्चात हुने पारिवारिक बेमेल जस्ता कारण लिई उजुरी दिन आउनेको संख्या बढ्दो रहेको प्रहरीले जनाएको छ । सामाजिक सञ्जाल तथा फोनको बिषयवस्तुलाई लिएर पारिवारिक सम्बन्ध बिग्रिएको, बेमेल हुने गरेको कारण उजुरी दिन आउने संख्या बढ्दो रहेको पाइएको छ ।

कतिपय अवस्थामा निवेदकको उजुरी समस्या समाधानमा उजुरीको पक्ष र बिपक्षीबीचको राजनीतिक आस्था, बिचार उद्देश्य समेतले मिलापत्र लगायतको कार्यमा प्रभाव पार्ने गरेको साथै राजनीतिक आस्था बिचारको कारण समेत सहजै एक आपसमा मेलमिलाप गर्न सकिने समस्याहरु प्रहरी समक्ष आई पुग्ने गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कोइरालाले बताए ।

हाल कोभिड-१९को महामारी रोकथाम, नियन्त्रण तथा उपचार लगायतको कार्यमा स्थानीय तह, साझेदार निकाय लगायत अन्य सरोकारवाला निकायहरु केन्द्रित भएको, सीमा सुरक्षा, क्वारेन्टिन सुरक्षा, आइसोलेसन सुरक्षा, लकडाउन कार्यान्वयन लगायतका कार्यमा प्रहरी केन्द्रित भएको साथै मानिसहरुको भेला जम्मा गराई कार्यक्रम सञ्चालन गर्दा संक्रमण बढ्न सक्ने भएकोले हाललाई सचेतनामूलक कार्यक्रम सञ्चालनमा कठिनाइ भएको प्रहरीले जनाएको छ ।

## अनुमतिबिनै ...

विद्यालय, कालिस्थान माध्यमिक विद्यालय, लक्ष्मी माध्यमिक विद्यालय, शनिश्चरे माध्यमिक विद्यालय, सिंहदेवी माध्यमिक विद्यालय, नवदुर्गा आधारभूत विद्यालय, भानु आधारभूत विद्यालय, जुनकिरी प्राथमिक विद्यालय, लक्ष्मी प्राथमिक विद्यालय रहेका छन् ।

विद्यालय सञ्चालनको लागि कार्यढाँचासहित निवेदन पेश नगर्ने विद्यालयहरुलाई पुनः ७ दिनभित्र आवश्यक कागजपत्र पेश गर्न परिपत्र गर्ने शाखाले जनाएको छ । यस अघि प्रगति अंग्रेजी आवासीय विद्यालय, रुपरत्न मेमोरियल अंग्रेजी आवासीय विद्यालय, स्वस्तिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालय, देवी पाथीभरा अंग्रेजी माध्यमिक विद्यालय लगायतमा अनुगमन गरी कार्यढाँचा बमोजिमको निवेदन पेश गर्न निर्देशन दिइएको उनले बताए ।

यता निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन) अर्जुनधाराका अध्यक्ष रुद्रप्रसाद सिटौलाले विद्यालय सञ्चालनको लागि अनुमति लिन कार्यढाँचासहितको निवेदन पेश गर्न बैठकबाट नै निर्णय गरिएको बताएका छन् । उनले गत भदौको मन्त्रिपरिषद्को निर्णयलाई संकेत गर्दै विद्यालयहरुले पठनपाठनका कार्यक्रमहरु सञ्चालन गरेको हुँदा सोही महिनादेखिको मासिक शुल्क पनि लिने बताए ।

तर, असोज १ गतेदेखिकै मासिक शुल्क लिने विषयमा वैकल्पिक शिक्षण सिकाइ निर्देशिका अनुसार बाहेक विद्यालयमा पठनपाठन बन्द भएको अवस्थामा संस्थागत विद्यालयका सञ्चालकहरुले अभिभावकसँग शुल्क माग गर्नु अव्यवहारिक भएको शाखा प्रमुख रेग्मी बताँउछन् ।

त्यस्तै माध्यमिक तहसम्मको विद्यालय सञ्चालनको जिम्मा स्थानीय सरकारलाई भएको हुँदा स्थानीय सरकारको अनुमति नलिई विद्यालय सञ्चालन गर्न नमिल्ने राष्ट्रिय शिक्षक महासंघ अर्जुनधाराका अध्यक्ष पुण्य सुवेदीले बताए ।

## के दुबै ...

नभई ‘भेटघाट’ आयोजना गरिएको बताइन् । यसअघि इञ्जिनियरिङ क्याम्पसमा पनि प्रचण्ड-नेपाल पक्षका विद्यार्थीहरूको भेला थियो । भुसालले विद्यार्थीहरूले पार्टीभित्रको विवाद के हो भनेर आयोजना गरेको र आफू पनि गएको बताइन् ।

**आशा मरेकै हो ?**

यो पार्टीभित्रको विचार संघर्ष हो, अन्तरसंघर्ष हो र जसरी पनि तपाईंहरू पार्टी एकताका निम्ति लाग्नूस्, दबाव दिनूस् भनेर आयौँ- उनले भनिन् । एकताको कुरा गरे पनि प्रचण्ड नेपाल पक्षले पनि एकता जोगिएला भन्ने कुरामा माया मारिसकेको हो कि ?

अनुशासन आयोग प्रमुख बोहराको ठम्याइ छ- त्यस्तै त छैन होला, कमिटीमा छलफल गरौं भनेर प्रस्ताव ल्याएकै छ नि, खाली त्यसलाई तन्काएर लैजाने कुरा गरेकाले यस्ता अनेक समस्या उत्पन्न भएका न हुन् । हाँस्दै नेतृ भुसालले पनि माया नमारेको बताइन् । प्रधानमन्त्री ओली पक्षले पनि एकताका निम्ति प्रयास भइहेको बताउने गरेको छ । वीवीसी

## फेसबुकमार्फत ...

काठमाडौंबाट र थमबहादुरलाई जिल्ला प्रहरी कार्यालय चितवन समेतको सहयोगमा चितवनबाट पक्राउ गरिएको हो ।

सुमनले फेक इमेल बनाई महिलालाई आफूसँग अर्धनग्न तथा नग्न तस्वीर भएको र सो तस्वीरहरु सार्वजनिक नगर्नका लागि ७० लाख माग गर्ने, यौन उत्पीडन दिने, हैरानी दिने कार्य गरेको तथा थमबहादुरले सामाजिक सञ्जाल फेसबुकमा फेक आइडी बनाई नजिकको नाता पर्ने महिलालाई यौनजन्य, अश्लील सन्देश तथा तस्बीर पठाउने, यौन अश्लीलतायुक्त अनर्गल सामग्री पोष्ट गरी अपमान गर्ने एवम् हैरानी दिने कार्य गरी विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसूर गरेको अनुसन्धानबाट खुल्न आएको छ । पक्राउ परेका व्यक्तिहरू उपर थप अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ ।

## आफन्त ...

जनाएको छ । घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पाँचथर, फाल्गुनन्द गाउँपालिका तथा वडा कार्यालयले समेत बेवास्ता गर्दा बिरामी अस्पतालमै बेबारिसे अवस्थामा रहेका छन् । उपचारमा लागेको खर्च विस्तारै तिर्न आग्रह गर्दै बिरामी लैजान अनुरोध गरे पनि हालसम्म कोही सम्पर्कमा नआएको अस्पतालका प्रशासक बस्नेतले बताए । बस्नेतले भने- यहाँ अहिले कोरोनाका बिरामीको पनि उपचार भइरहेको छ । केही कारण उनमा कोरोना तथा अन्य रोगको संक्रमण भए जटिल अवस्था आउन सक्ने भएकाले चिकित्सकको सल्लाह अनुसार नै बिरामी आफन्तलाई बुझाउन खोजेका हौं ।

उपचारमा संलग्न डाक्टर लिम्बू भन्छन्- पूर्णबहादुरलाई अहिले परिवारको हेरचाहको खाँचो छ । बिरामी पूर्ण रुपले निको हुन समय लाग्छ र समय समयमा फ्लोअपका लागि ल्याएर अरु समय घरमै राख्दा हुने चिकित्सकहरुको भनाइ छ ।

अस्पताल प्रशासक बस्नेतले उनको डिस्चार्ज अवधिसम्मको खर्च दुई लाख १३ हजार ७ सय २० रुपैयाँ रहेको बताए । हालसम्मको अवस्थामा जोड्ने हो भने चार लाखभन्दा बढी खर्च पुगेको छ भने औषधिको एक लाख ४० हजार खर्च बेग्लै रहेको फार्मेसीले जनाएको छ ।

यता पूर्णबहादुरकी बहिनी रोनिशा नेम्वाङले आफ्नो दाजु कुटपिटका कारण गम्भीर घाइते भएको र उपचारको सम्पूर्ण जिम्मा वडाध्यक्ष चेम्जोङले लिने आश्वासन दिएको बताएकी छन् । तर, रकम भुक्तानी गर्न पहल नगरेका कारण दाजुलाई लिन जान नसकेको उनले बताइन् । दाजुलाई जंगबहादुर नेम्वाङले कुटपिट गरेको र हाल उनलाई प्रहरीदे पक्राउ गरेको बताइएको छ । वडाध्यक्षकै बेवास्ताका कारण बिरामी डिस्चार्ज भएको ६० दिन भइसक्दा समेत अस्पतालबाट लान नसकेको बहिनी रोनिशाले बताइन् । यसैबीच वडा नम्बर-४का वडाध्यक्ष चेम्जोङसँग सम्पर्क गर्न खोज्दा सर्म्पक हुन सकेन ।


## राहदानी हरायो

बेलबारीबाट भाउन्ने जाने क्रममा यही मिति २०७७।०८।०२ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- रोजिना पुरी
**ठेगाना**:- बेलबारी नपा-५, मोरङ
**राहदानी नं.**:- ११७८०५१९

## डा. रवि शाही

MBBS, MD. DM

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं

**बरिष्ठ मुटु रोग विशेषज्ञ**

के तपाईं मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहुन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने मुटु रोगमा DM (Cardiologist) गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनुहुन्छ । समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस् ।

सम्पर्कः **प्रदीप फार्मेसी**
भद्रपुररोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५३३७९५,
मो. ९८५२६७७८२३, ९८०२६७७८२६

श्री सूर्योदय दूग्ध उत्पादन सहकारी संस्था लि.
बिर्तामोड-५, झापाको

## १७औं साधारणसभा सम्बन्धी सूचना

कोरोना भाइरस (कोभिड-१९) को प्रकोपबाट उत्पन्न असहज परिस्थितिको कारण यस संस्थाको १७औं बार्षिक साधारणसभा विगतमा झैं भेला भई गर्न सम्भव नभएकोले हालको विषम परिस्थितिलाई मध्यनजर गरी नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका साथै सहकारी विभागबाट जारी परिपत्र समेतका आधारमा तपसिल अनुसार साधारणसभा सम्पन्न गरिने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) साधारणसभाका लागि तयार गरिएको प्रतिवेदन मिति २०७७।०९।१२ गतेबाट सबै सदस्यज्यूहरुलाई वितरण गर्न प्रारम्भ गरिनेछ यदि कसैलाई प्रतिवेदन प्राप्त नभएमा यस संस्थाको कार्यालय मेघा कम्प्लेक्समा सम्पर्क गर्न सूचित गरिने छ ।
२) यस संस्थाको आ.व. २०७६।०७७को बार्षिक प्रतिवेदन र आ.व. २०७७।०७८को कार्यक्रम तथा लक्ष्य संस्थाको कार्यालय मेघा कम्प्लेक्सबाट पनि कार्यालय समयमा प्राप्त गर्न सकिनेछ ।
३) संस्थाको प्रतिवेदन तथा आगामी बर्षको कार्यक्रममा उल्लेखित कुनै विषयमा आफ्ना सुझावहरु पेश गर्नुपर्ने भए मिति २०७७।०९।२० गतेभित्र कार्यालय समयमा आफ्नो राय सुझाव तथा टिप्पणीहरु लिखित रुपमा संस्थाको कार्यालय वा संस्थाको आधिकारिक इमेल ठेगाना suryodaya.sahakari2075@gmail.com मा इमेल गरी पठाईदिनुहुन समेत अनुरोध गर्दछौं ।
४) साधारणसभा २०७७ पुस २७ गते संस्थाको कार्यालय मेघा कम्प्लेक्स बिर्तामोड-५मा सम्पन्न गरिनेछ ।

**फोन नं. ०२३-५४०००१**
**EMAIL: suryodaya.sahakari2075@gmail.com**

कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुसेवा शाखा
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

## साझेदारीमा बंगुर प्रबर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

**प्रथमपटक सूचना प्रकाशित मितिः २०७७।०९।०२**
**आवेदन दर्ता गर्ने अन्तिम मितिः २०७७।०९।१६**

कमल गाउँपालिकाको आ.व. ०७७।०७८को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु लागत साझेदारीमा पशुपन्छी प्रबर्द्धन कार्यक्रम कार्य सञ्चालन प्रक्रिया २०७७ बमोजिम लागत साझेदारीमा कार्य गर्न इच्छुक समूह/समिति/सहकारी/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५दिनसम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रम | संख्या | पालिकाबाट व्यहारिने साझेदारी रकम रु. |
|---|---|---|---|
| १ | लागत साझेदारीमा गाई प्रबर्द्धन कार्यक्रम | १ | १०,००,०००।०० |

**आवश्यकीय कागजातहरुः**
- अनुसूची २ बमोजिमको संक्षिप्त कार्ययोजना
- अनुसूची ३ बमोजिमको निवेदन पत्र
- समूह/समिति/सहकारी संस्थाहरुको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- कार्य समितिको निर्णयको प्रतिलिपि

***नोटः अनुसूची २ र ३ कमल गा.पा. पशु सेवा शाखाबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।***

कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुसेवा शाखा
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

## साझेदारीमा गाई प्रबर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

**प्रथमपटक सूचना प्रकाशित मितिः २०७७।०९।०२**
**आवेदन दर्ता गर्ने अन्तिम मितिः २०७७।०९।१६**

कमल गाउँपालिकाको आ.व. ०७७।०७८को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु लागत साझेदारीमा पशुपन्छी प्रबर्द्धन कार्यक्रम कार्य सञ्चालन प्रक्रिया २०७७ बमोजिम लागत साझेदारीमा कार्य गर्न इच्छुक समूह/समिति/सहकारी/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५दिनसम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रम | संख्या | पालिकाबाट व्यहारिने साझेदारी रकम रु. |
|---|---|---|---|
| १ | लागत साझेदारीमा गाई प्रबर्द्धन कार्यक्रम | १ | २१,३३,०००।०० |

**आवश्यकीय कागजातहरुः**
- अनुसूची २ बमोजिमको संक्षिप्त कार्ययोजना
- अनुसूची ३ बमोजिमको निवेदन पत्र
- समूह/समिति/सहकारी संस्थाहरुको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- कार्य समितिको निर्णयको प्रतिलिपि

***नोटः अनुसूची २ र ३ कमल गा.पा. पशु सेवा शाखाबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।***

## २४औं बार्षिक साधारणसभामा उपस्थित हुने बारेको सूचना

*आदरणीय सदस्य महानुभावज्यूहरु,*

उपरोक्त सम्बन्धमा यस संस्थाको सञ्चालक समितिको मिति २०७७ साल मंसीर २४ गते बसेको बैठकको निर्णय अनुसार सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ अनुसार सहकारी संस्थाको बार्षिक साधारणसभा निर्देशिका २०७६मा व्यवस्था भएका कुराहरुलाई पालना गर्दै विश्वभर फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणलाई मध्यनजर राख्दै सरकारबाट लागू गरिएको निषेधाज्ञाको नियमको पालना गर्नुपर्ने हाम्रो कर्तव्य भएकोले यस बर्षको साधारणसभा कार्यक्रम तपशिल बमोजिम हुने व्यहोरा सबै सदस्यज्यूहरुलाई जानकारी गराइनेछ ।

**तपशिल**
मिति : २०७७।०९।०१ गते बुधबारदेखि ११ गते शनिबारसम्म
समय : बिहान १०:०० बजे
स्थान : संस्थाको कार्यालय, बिर्तामोड-४, झापा
फोन नं.: ०२३-५४०७३४

१) साधारणसभा सञ्चालन समय अवधि ७ दिनसम्म उपस्थिति हस्ताक्षरको लागि मिती २०७७ साल पुस २ गते बिहान १०:०० बजेदेखि ४ बजेसम्म संस्थाका बजार प्रतिनिधिहरुमार्फत घर-घरमै प्रतिवेदनसहित पुऱ्याइने छ । साथै संस्थामा उपस्थित भइ पनि हस्ताक्षर गर्न सकिनेछ ।
२) संस्थाको प्रतिवेदनमाथि सल्लाह, सुझाब सम्बोधन गर्नुपर्ने भएमा २०७७ पुस १० गते ४ बजेभित्र कार्यालयमा स्वयम् उपस्थितत भई वा बजार प्रतिनिधिमार्फत लिखित जानकारी दिनुपर्ने छ ।

सचिव

श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.
SHREE LAXMI MULTI PURPOSE CO-OPERATIVE LTD.
बिर्तामोड, झापा (०२३-५४०७३४)

## मानिस हराएको सूचना



झापाको बिर्तामोड नगरपालिका-१ जानकी टोल निवासी सूर्यनारायण मुखिया मंसीर २७ गते शनिवारदेखि घरबाट एकाएक वेपत्ता भएकाले भेट्नु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै फेला पार्ने हुने व्यक्तिलाई २० हजार रुपैयाँको पुरस्कार प्रदान गर्नेछौं ।

नामः **सूर्यनारायण मुखिया**
हुलियाः गहुँ गोरो बर्ण, अगाडि कपाल लामो भएको, कोठे सर्ट र जिन्सको कालो पेन्ट लगाएको

सम्पर्कः **जानकी मुखिया (दिदी)**: ९८०८०८७७१७,
**भूवनेश्वर मुखिया (दाजु)**: ९८६०९१७२३९

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुसेवा शाखा
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

## बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

**प्रथमपटक सूचना प्रकाशित मितिः २०७७।०९।०२**
**आवेदन दर्ता गर्ने अन्तिम मितिः २०७७।०९।१६**

कमल गाउँपालिकाको आ.व. २०७७।०७८को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत पशु सेवातर्फको सशर्त अनुदानको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन साझेदारीमा गर्नुपर्ने भएकोले इच्छुक समूह/समिति/सहकारी/फर्महरुले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा (अनुसूची ६, ७, १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीको लागि पशु सेवा शाखामा सम्पर्क राख्नुहोला ।

क) पकेट क्षेत्रः कमल गाउँपालिका
ख) कार्यक्रमः बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन (विनियोजित बजेट रकम रु. १५,००,०००।००)।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**
- सम्बन्धित निकायमा समूह/समिति/सहकारी/फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ बर्षको सम्झौतानामा ।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
- कार्य समितिको निर्णयको प्रतिलिपि ।

नोटः अनुसूची ६, ७, १० कमल गा.पा. पशु सेवा शाखाबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

## कविता


### वर्तमान परिवेश



विशालप्रकाश शर्मा

पैसामा माया खोज्छन्
अचेलका फक्रिँदै गरेका कोपिलाहरू,
माया गर्नुभन्दा पहिला घर सम्पत्ति सोध्छन्
अहिलेका भमराहरू,
साँचो माया गर्छु भनेर विश्वास त दिलाउँछन्
तर, फक्रिनै नपाइकन ओइलाउने गरी,
माया प्रेमको बोली दुईचार दिन
मख्ख पारेर बोल्छन् यो समयका डालीहरू,
जब बाँचा र प्रतिज्ञा तोडेर चट्ट छिनिन्छ लठारो
कहिले वारी कहिले पारी आँशु झै बाँडिदिन्छन् सम्बन्धहरू
अर्को भेटिँदा त कोइला जस्तो कालो भन्छन्
अहिलेका डालीमा पाँत नभएका बोटहरू ।

### वेदना



सुजना खतिवडा

छोरी चेली पुऱ्याएर कोठीको वेदनातिर
पतिभक्त छ नारीता भन्नुमा व्यर्थ छैन र ?
छोरी चेली सबै नारी ऐसका सब माध्यम
हरे नेपाली बन्धु हो पापको छैन डर किन ?
पुर्खाको गरिमा भुली हिँड्छौ पाश्चात्यै भै किन ?
आफ्नो भाषा सबै भुली कन्छौ अंग्रेजी लौ किन ?
गोर्खाली हुँ भनी चिन्ने के छ योगदान लौ भन ?
अर्काको गरिमा बोकी व्यर्थ तिम्ले रमाउन
सौन्दर्य देशको बेची पेन्ट, धोती भिरी दिने
नेपाली ममता, माया विदेशी भै तुहाउने ?
शिक्षाको ज्योति कस्तो यो युवाशक्ति भुलाउने
अर्थहीन दिई शिक्षा बेवारिसे बनाउने ?
आमाको चित्कारको व्यथाले जन्मदै र मर्दैछु म
जन्मी सक्न नपाउँदै गिद्धको आहार बनिरहेछु म
मूल्य छैन मेरो आज गिद्धको शिकारमा पनि
स्वाद भोग्न सक्दैन मेरो उपियाँको टोकाइले पनि
प्राणी भए सबै बुद्ध कुक्रित्यै खेलमा पसि
बेवारिसे भयो मान्छे कर्म धर्म सबै डसी
माया हरायो सृस्टीमा आमाको कोखमा पनि
हजारौं मठको माली कराडौ ईश्वरै भए पनि
धन धान्य सबै नस्ट शान्ति प्यार गरे पनि
मदिराभरिको जोशलाई, धर्म रहेछ नी
भोका दुःखी सबै मर्ने अर्कोको स्वार्थ भर्दिन
लाटा-सिधा लडाएर धूर्त-बाठा चढाउन ।

## इतिहास



कृष्णप्रसाद ढकाल

# साहसिक व्यक्तित्व डा. के.आई. सिंह

साधारण किसान परिवारको उपज कुँवर इन्द्रजीत सिंहको जन्म वि.सं. १९६३ बैशाख १३ के.आई. सिंह गाउँपालिका वायल, डोटीमा भएको थियो । शिक्षा आर्जन कै समयमा भारतीय सेनामा प्रवेश गरी त्यही चिकित्सा तालिम लिए, पछि नेपाल-भारत सीमा नजिक रहेको नौतनवामा होमोप्याथिक पद्धतिबाट उपचार कार्यको थालनी गरेकाले डाक्टर के.आई. सिंहका नामबाट प्रसिद्ध भए । भूमि पुनर्वितरण योजनालाई सफल गराउन सकेकाले 'राबिन हुड आँफ द हिमालय (Robin hood of the Himlayas)'बाट चर्चित भए ।

तात्कालीन समय देश राणाहरुको निरंकुश शासनमा जकडिएको थियो । जसका कारण २०औं शताब्दिमा पनि जनता शिक्षाको उज्यालोबाट वञ्चित थिए । लुई चौधौं झैं आफूलाई I am the state ठान्ने र जनतालाई तृण बराबर नगन्ने क्रुर राणाशासन हटाउने अठोट गरी 'नेपाली राष्ट्रिय कांग्रेस'मा प्रवेश गरे । भारतीय फौजबाट सेवानिवृत्त गोरखाली फौज जवान र नेपाली युवा सम्मिलित 'मुक्तिसेना'को फौजीजत्था तयार गरी २००७ सालको सशस्त्र आन्दोलनमा सक्रिय रुपबाट भाग लिए ।

२००७ कात्तिक २१ गते बिहान राजा त्रिभुवनले सपरिवार दरबार त्यागगरी भारतीय राजदूतावासमा शरण लिएर २६ गते दिउँसो भारतीय वायुसेनाको विमानबाट दिल्ली पुगेपछि आन्दोलन चर्काउन थप सहज भयो । पश्चिमी मोर्चा-कमाण्डर डा.के.आई. सिंह नेतृत्वको मुक्तिसेनाले भैरहवा कब्जा गऱ्यो । यो साहासिक कार्य देखेर बि.सं.२००६ मार्ग ६ मा हजारौं जनताको बिशाल सभाले डा.के.आई. सिंहलाई पश्चिमी क्षेत्रको प्रमुख शासक तोक्यो । मुक्तिसेनाको आन्दोलनले निरन्तर सफलता हाँसिल गरेकोले मोहन शम्शेर त्तालिएर नेपाली कांग्रेस र भारत सरकारसँग कुरा गर्न एक प्रतिनिधि मण्डल दिल्ली पठाए । दिल्लीमा भएको सम्झौताको चारैतिर बिरोध भए पनि 'संयुक्त सरकार गठन' बिषयमा सहमति गरी सबै स्वदेश फर्किए ।

तर, पश्चिमी मोर्चा-कमाण्डर डा.के.आई. सिंहले 'दिल्लीमा सम्झौता' स्वीकार गरेनन् । नेपाली कांग्रेसका सभापति मातृकाप्रसाद कोइरालाको आन्दोलन स्थगित गर्ने निर्देशनलाई लत्याउँदै छुट्टै सरकार गठन गरे । यसलाई दवाउन तोरण शम्शेरको नेतृत्वमा काठमाडौंबाट आएको सरकारी सेनालाई समेत मुक्तिसेनाले परास्त गरिदिएकाले आन्तरिम सरकारले भारतसँग सैनिक सहयोग माग्यो । भारतीय सेना नेपाल प्रवेश गरी यिनी र यिनका सहयोगी बालचन्द्र शर्मासहित धेरैलाई पक्रेर भैरहवा जेलमा हाली दियो ।

तीन महिनापछि सहयोगीहरुले जेल तोडेर स्वतन्त्र गराई दिए, तर एकै महिनामा पुनः पक्रेर काठमाडौंको जेलमा हालियो । बि.सं. २००८ माघ ८ को मध्यरातमा रक्षादलका १२ सय जवानहरुले बिद्रोह गरी सबैलाई फेरि जेलमुक्त गराए । कैदमुक्त भएपछि यिनले रक्षादलकै सहयोगबाट सिंहदरबार र रेडियो नेपालका साथै सञ्चारका सम्पूर्ण साधनलाई नियन्त्रणमा लिए । त्यसपछि टङ्कप्रसाद आचार्य र गणेशमान सिंहलाई बोलाई श्री ५ त्रिभुवन समक्ष पाँच सूत्रीय माग प्रस्तुत गर्न लगाए । जसमा,

१) सर्वदलीय मन्त्रीमण्डल गठन गर्ने ।
२) राजनीतिक कार्यक्रम तयार गर्न सबै दलहरुको संयुक्त सम्मेलन बोलाउने
३) बिकासको निम्ति पञ्चबर्षीय योजना बनाउने ।
४) सबै छिमेकी राष्ट्रहरुसँग समानताका आधारमा मैत्री सम्बन्ध कायम गर्ने । र
५) राष्ट्रिय हितअनुकूल शान्तिपूर्ण ढङ्गबाट शासन गर्ने ।

मागहरुका बारे दरबारमा छलफल चल्दै थियो, अचानक ढिला गरे आफूलाई अनिष्ट हुन सक्ने अनुमान गरी आफ्ना २७ सहयोगी साथ तिब्बततर्फ लागेकाले सरकारले यिनलाई डाका




घोषित गरी पक्रेर ल्याउनेलाई तीन हजार पुरस्कार दिने सूचना प्रसारित गऱ्यो ।

चीनमा निर्वासनकै अवस्थामा राजा महेन्द्रबाट फिर्ता आउन भनेकाले काठमाडौं आएर 'संयुक्त प्रजातन्त्र पार्टी' नामको दल गठन गरी राजनीतिक अभियानमा होमिए । राजा महेन्द्रले पनि यिनको अध्यक्षतामा ११ सदस्यीय संयुक्त मन्त्रिमण्डल गठन गरे । जसमा सात जना 'संयुक्त प्रजातन्त्र पार्टी' र चार जना स्वतन्त्र व्यक्तिहरु थिए ।

'I am K. I. Sing, so I am not a grass eater. A lion never eats grass.' (in 1979) वडो गर्वका साथ भन्न रुचाउने एक होनाहार, झ्वाँक्की, निडर र साहसिक व्यक्तित्व डा. के. आई. सिंह बि.सं.२०१४ श्रावण ११ गते नेपालको बिसौं प्रधानमन्त्रीका रुपमा नियुक्त भए । आफू प्रधानमन्त्री हुनासाथ मुलुकको औद्योगिक विकास र प्रशासनिक सुधार कार्यमा ध्यान केन्द्रित गरी त्यसै अनुसारका नीति तथा कार्यक्रमहरु तय गरे ।

**प्रशासनिक सुधार योजनाहरुमा :**

(१) राष्ट्रिय सेनामा आवश्यक सुधार गर्ने,

२) प्रशासनमा हुनेगरेका ढिलासुस्ती र फजुल खर्चलाई कम गर्ने, राजदरबारका ४ मुख्य निजी सचिवहरु मध्ये भ्रष्ट एकजना र एक सय १७ कर्मचारीहरु हटाउने, कटौती गर्ने । प्रथम चरणका सुधारका यी कार्यक्रमहरु देखेर आईजीपी गोपाल शम्शेर, कमाण्डर-इन-चिफ त्रोण शम्शेर र मुख्य सचिव चन्द्रबहादुरबाट असहयोग भयो भने साहेबज्यू पुरेन्द्र विक्रम पनि विपरीत हुन पुगे ।

यस्तैमा रुसी दूतावासले प्रधानमन्त्रीलाई रुसी मर्सीडिजवेञ्च उपहार दिने प्रस्ताव गरे, परनिर्भरता बृद्धि हुनसक्ने देखेर 'म गरीब जनताको प्रतिनिधि भएकाले यति महँगो गाडीमा कसरी हिँड्न सक्छु र ?' (सच्चा इमान्दार र सफामनका नेपाल आमाको छोरा) । भनी बिदेशी सहयोगको ठाडै इन्कार गरेकाले नेता खेलाउन पल्केका वैदेशिक कूटनीतिज्ञहरु समेत सतर्क भए । मुलुक हितका नीति तथा कार्यक्रमहरुबाट जनसमर्थन बढेर लोकप्रिय हुन गएमा आफूहरुको अवस्था जनताको नजरमा झनै कमजोर र दयनीय हुन सक्ने अनुमान गरी बिभिन्न दलका नेताहरुले पनि यिनको शासनलाई अधिनायकवादी भनी बिरोध गर्न थाले । स्वार्थी तत्वहरु धमाधम रुष्ट हुँदै बढ्न थालेपछि यिनको अवस्था र स्थिति झनै कमजोर भई एक सय १० दिनको अवधिमा नै यिनले राजीनामा दिनुपऱ्यो ।

असल इमान्दार, निष्ठावान, राष्ट्रभक्त व्यक्तित्वको अवशान भयो । साधारण हैसियतमा एउटा झोला र चप्पलसँग सिंहदरवार प्रवेश गरेको त्यो व्यक्तित्व त्यही झोला र चप्पलसँग बाहिरियो । राष्ट्रिय भावना निरीह भयो, घुसखोर र भ्रष्टाचार बलीयो हुँदै रमायो । फेरि अब मुलुकले निश्वार्थ र दृढ बिचारशैलीको व्यक्तित्व पुनः पाउने कहिले हो ? प्रतिक्षा रहिरह्यो ।


*krishnadhakal251@gmail.com*

## पुस्तक समिक्षा



भुवन तामाङ

# प्रकाशचन्द्र न्यौपानेको कविता संग्रह 'गमलाको पीपल'




नेपाली साहित्यको काव्य भण्डारमा अर्को एउटा नवीन कृतिको आगमन भएको छ । बुद्धशान्ति गाउँपालिका वडा नं. १ का प्रकाशचन्द्र न्यौपानेको कविता संग्रह 'गमलाको पीपल' भर्खरै प्रकाशित भएको छ । कृतिमा ४४ वटा कविता समेटिएका छन् । 'घर दलान साहित्य अभियान बुद्धशान्ति'को काव्य गोष्ठीहरुमा बाचन गरिएका अधिकांश कविताहरु नै यस कृतिमा प्रकाशित भएका र सो अभियानले आफूलाई कृति प्रकाशन गर्न प्रेरणा प्रदान गरेको कवि न्यौपानेले बताएका छन् । कमर्स विषयमा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा प्राध्यापनरत् न्यौपानेले बाल्यकालदेखि नै कविता सिर्जना गर्दै आएका हुन् । हजुरबुबाले सानैमा सुनाएका महाभारत लगायतका कथाहरुबाट काव्यीक गुण आफूले हासिल गरेको बताएका छन् । माता, पिता, जीवन संगीनी तथा आफन्तहरुबाट समेत साहित्य सिर्जनाका लागि अटुट हौसला पाएको बताउँछन् स्रष्टा न्यौपाने ।

कुनै एक घरमा पुग्दा, टिनको गमला बनाएर त्यसमा पीपलको बिरुवा रोपेर, बाँधेर र पूजा गरेर राखेको देखेपछि सो बारे कविता लेख्न मन लागेको कवि न्यौपाने बताउँछन् । खुल्ला ठाउँमा उम्रन, हुर्कन र बढ्न पाउँदो हो त पीपल कत्रो हुने थियो ? बढेमानको पीपलले आखिर मान्छे कै त सेवा गर्दथ्यो । त्यहीँ गएर पूजा गर्न सकिँदैनथ्यो र ? तर, मानिसहरुले वनस्पतीलाई उसको प्राकृतिक अधिकार हनन् गरेर, गमलामा जकडाएर, पेवा बनाएर राखेको देख्दा कविको मन कटक्क खाएको हुनुपर्छ ।

यी हुन् कवि न्यौपानेका सिर्जनाहरुका विशेषताहरु । प्रा.डा. गोविन्दराज भट्टराईको विचार । 'कृतिको शीर्षक 'गमलाको पीपल' एक प्रतिकात्मक, सौन्दर्य र प्रेमको प्रतिक साथै संकुचन सीमितता दर्शाउँदछ । समस्त कवितामा कुनै नैतिक दृष्टान्टका छन्, अधिकांश मानिसका बाह्याडम्बरका, पीडा, घृणा, प्रेम र आकांक्षाका छन् । पढ्दै जाँदा कवि भाइको अध्ययनमा पूर्वीय चिन्तनका सूक्ष्म भिल्काहरु देख्छु । जस्तैः 'मलाई रुख बनाऊ मा छ ।' संग्रहका 'मूर्ति', 'प्रेम के हो ?' जस्ता सुन्दर रचनामा कविको मीठो सिर्जनाकला छ । कविताहरुमा भित्र-भित्र गहिरो सन्देश छ ।'

मदन पुरस्कार बिजेता साहित्यकार कृष्ण धराबासीका विचारबाट गमलाको पीपल कृति नियालौँ । 'यस कविता कृतिभित्र अनेकौँ बोन्साइ भावहरु छटपटाइरहेका छन् । कविता गद्यशैलीमा लेखिएका वर्तमान माथिका चिन्ताहरु हुन् । यस संग्रहभित्र रहेका करिब दुई कोरी कविताहरु आजको स्वतन्त्रताभित्रको निराशाका प्रतिकहरु हुन् । यी कविताहरुले सोच्न, चिन्ता गर्न र भविष्यमाथि शंका गर्न सिकाउँछन् ।'

साहित्यकार तथा गजलकार केशव आचार्यका शब्दहरुमा गमलाको पीपल कृति । 'विम्व, प्रतिक र मिथकहरुलाई कुशलतापूर्वक प्रयोग गरी कविता कुँद्न सिपालु कवि हुन्- प्रकाशचन्द्र न्यौपाने । कवि न्यौपानेको गमलाको पीपल पढेपछि मलाई यस्तो लाग्यो, उनी समकालीन कविहरुको हाराहारीमा उभिन ल्याकत् राख्ने शक्तिशाली कवि हुन् ।'

शिक्षासेवी तथा साहित्यकार गणेश निरौलाका शब्दमा गमलाको पीपल । 'बुद्धशान्ति गाउँपालिकामा हामीले 'घरदलान साहित्य'को मेलो थाल्यौं । पहिलो वर्ष नै चिल्ला पाते कवि चन्द्रप्रकाश न्यौपाने 'वर्ष कवि' घोषित भए । गमलाको पीपल जन्मनुमा घरदलान साहित्यको कहीँ, कतै, केही न केही आडभरोस छ भन्ने आत्मबोधले यसका अभियन्ताहरुको खुट्टा भुँइमा छैन ।'

दिग्गज, विद्वान तथा उच्च प्रतिभाहरुका यी उद्गारहरुबाट कवि तथा स्रष्टा न्यौपानेका सिर्जनाहरु कस्ता विशेषताका छन् ? थाहा लागिसकेका छन् । कृतिको नाम 'गमलाको पीपल'ले नै कवि न्यौपानेका कविताहरुको अर्थ स्पष्ट पार्दछ । संसारका मानिसहरु, हाम्रा चाहनाहरु, अधिकारहरु, सम्भावना, स्वतन्त्रता र सार्वभौमिकताहरु, पीपल गमलामा जकडिए जस्तै जकडिएका छन् । यस्तो, कतिपय शासकका निरंकुशता, विकासवाद, क्रान्तिका नाममा मीठा सपना, अर्थतन्त्र, भूमण्डलीकरण, करपोरेट जगत अनि थुप्रै कारणले भए होलान् । विशालकाय हुनसक्ने पीपल बबुरो हुन बाध्य भएको छ । ऊ घरमै ध्वजाले बाँधिन र आकार सीमित राख्न बाध्य छ । ऊ पुजिन्छ राम्रै कुरा हो, तर गमलामा बाँधिएको पीपलले कति आशिर्वाद दिन सक्ला ? कठैबरा पीपल ? पीपल चौबाटोमा रोपिन्थे होलान्, तर कथित भौतिक विकासवादीले ठुन्क्याइ त हाल्छन् । फेरि, कोही हत्यारा, भ्रष्ट, सामन्त, शोषक, निरङ्कुशको शालिक ठड्याउनु र पुज्नु छ त्यहाँ त । त्यही भएर त पीपललाई सानो टिनको गमलामा बाँधेको । यस्तो अर्थ केवल कुनै वनस्पतिमा मात्र होइन, आम मानव समाजमा नै लागू हुन्छ । कवि न्यौपानेका कविताहरुले यस्तै उच्च सन्देश र मार्गदर्शन दिन्छन् ।

'म, मान्छे र रोबर्ट' कविताको केही हरफ पढौँ । 'अब म कहिल्यै बिद्रोह गर्ने छैन, कहिल्यै अधिकार खोज्ने छैन, कहिल्यै संगठन गर्ने छैन, कहिल्यै सुविधाहरु माग्ने छैन ।' वास्तवमा संसारका शासक, व्यवस्थाहरुले जनतालाई रोबर्ट बनाउँदैछन् ता कि जनताहरु खुरुखुरु काममात्र गरुन र शासकहरुलाई पोषुन्, बिद्रोह नगरुन् ।


'कुरुक्षेत्रको युद्धभूमिमा, मैले कृष्ण र अर्जुनको संवाद सुने, अर्जुनले जति नै मैले पनि सुने, गीताको कर्मण्येधिकारस्ते माफलेषु ः कदाचन, युद्ध जिते अर्जुनले, र मेरै पिठ्युँमा चढेर विजय अभिमानको शंखघोष गरे, म नै त हुँ, महाभारत युद्धमा अर्जुनको बग्गी घिसार्ने घोडा, म रगताम्य थिएँ ।' 'बग्गीको घोडा' शीर्षकको कविताको अन्तिम लाईनले भन्छ, 'गुमनाम, हराएँ इतिहासको गर्भमा ।' यो घोडाको विवश कथा भएपनि, यसको सन्देश आम मानिसहरुमा पनि लागू हुन्छ । हो यस्तै बलिया, अकाट्य, चोटीला र मन नै छेड्ने कविताहरु छन् यो कृतिभित्र ।

'आमा' कविताबाट केही लाईन पढौँ, 'कोख पट्ट फुटाएर धर्तीमा टेकाइन्, रगतको आहालबाटै बेहोस-बेहोसमै, उसलाई पहिलो स्पर्श गरिन्, असह्य प्रसव पीडा, गर्भमा छोपेर आमा मुस्कुराइन्, सन्तान सुखको आनन्दमा, निमग्न निदाइन र सपना देखिन्, एउटा सुन्दर भविष्यको ।' अब पढौं यसै कविताको अन्तिम दुई लाईन्, 'अनि मरिसकेकी आमाको स्मृतिमा, एकजोडी सुकिला सेता लुगा फेर्न आउँछ ।' आजको बृद्धाश्रम र विदेश जाने संस्कृतिप्रति यो कविताले दह्रो सन्देश दिएको छ । अनि बाबुबारे पनि लेखिएको 'मेरा बा' शीर्षकको कविता पढ्न लायक छ ।

कवि न्यौपानेका सिर्जनाहरु उत्कृष्ट सन्देशमूलक तथा मार्गदर्शनमूलक त छन् नै त्यति नै कवि व्यक्तित्वमा पूर्वीय, पाश्चात्य र अन्य ज्ञानको ठूलो भण्डार रहेको पनि यसै कृतिले दर्शाउँदछ । झापाका त हुँदै हुन्, नेपालकै उच्च कोटीका कवि साहित्यकार हुन सक्ने प्रतिभा उनमा रहेको कुरा यस कृतिमा भूमिका, विचार व्यक्त गर्नुहुने अग्रज विद्वानहरुका शब्दहरुले नै बताउँदछन् । स्वादिला नयाँ खुराकको रुपमा आएको यस 'गमलाको पीपल' कविता संग्रहभित्रका कविताहरुले पाठकवर्गमा नयाँ चेतना भर्दछन् र सुधारिएका भविष्य निर्माणका प्रति जागरुक गराउँदछन् ।

## लघुकथा

### अन्धा र बहिराको सरकार



रबिना मैनाली

घरको छानोमाथि फलेको कुभिन्डो टिप्न नसकेर रामसाइँलाको आँगनमा लडिरहेको भऱ्याङ् लिन रामसाइँलाको आँगनमा पुगेको थिएँ । सिकुवाको काटीमा झुण्ड्याएको अस्टकोट भिर्दै थिए रामसाइँला, मैले बोल्ने निहुँ गर्दै सोधेँ, कता सवारी हुन लाग्यौ साइँला ? झस्स झस्किँदै म तिर हेरे, उनी थकित र नियाउरो देखिएका थिए ।

उनका ती निर्दोष आँखाले बताउँदै थियो मेरो प्रश्नको पीडामा मुसिएको जवाफ, बोल्न नसकेका शब्द र पीडाहरु झल्किरहेको भाव अनि मुजा परेको त्यो बुडो मुहारले सीमारहित अन्धकार र हजारौं सवाल अनि



वेदना बोकेको थियो । मुटु निचोड्दै बोले झैं गरी नियाउरो बोली बोले, ती गिद्धका छौडाहरुले मेरी मासुम र नादान छोरीलाई लुटेको, उसको कलिलो यौवनसँग हारालुछ गरेर प्राण हरण गरी झाडीमा मिल्काएको पर्सि एक बर्ष हुँदैछ म बाउ भएर बर्षदिन पुग्न लाग्दा पनि छोरीलाई न्याय दिलाउन सकेको छुइन् ।

छोरी जन्मिँदा यी हातले कन्यादान गरेर दिउला भन्ने सपना देखेको थिए, तर बलात्कृत मेरी छोरीकोलाई न्याय देउ सरकार भन्दै रुँदै र कराउँदै आँखा देख्ने अन्धा र कान सुन्ने बहिराहरुसँग भिख माग्दै हिँड्नु परेको छ । यो नाम मात्रको कानून अनि अन्धा र बहिराको सरकारले अझै न्याय दिन सकेन म अभागी बाउलाई, त्यही भएर दाजै सधैं झैं आज पनि फेरि सिडिओ कार्यालय जान लागेको हुँ भन्दै गहभरी आँशु पार्दै साइँला आँगनबाट ओरालो लागे...।

# महेन्द्रद्वार सहकारीको अध्यक्षमा दाहाल

□ लक्ष्मी उप्रेती

**काँकरभिट्टा, पुस ३।** मेचीनगरमा रहेको महेन्द्रद्वार सहकारी संस्थाको अध्यक्षमा राजकुमार दाहाल चयन भएका छन् । संस्थाको ३१औं बार्षिक साधारणबाट आगामी चार वर्षका लागि सर्वसम्मत रुपमा दाहालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो ।

निर्वाचन समितिका संयोजक भवानीप्रसाद दंगालका अनुसार संस्थाको उपाध्यक्षमा युद्धराज ओली र सदस्यहरुमा कुन्दन निरौला, सीता कार्की थापा, सुन्दरी श्रेष्ठ, प्रकाश ढुंगाना, यदुराम भट्टराई, हरिप्रसाद संग्रौला, अस्मिता दाहाल खरेल, धनमाया पराजुली इमादेवी पोखरेल, करण अधिकारी र धनकुमार राई लगायत रहेका छन् ।

त्यस्तै गिरीराज धमला संयोजक र देवेन्द्र शिवाकोटी सदस्य रहेको दुई सदस्यीय लेखा सुपरिवेक्षण समिति समेत सर्वसम्मत चयन भएको निर्वाचन समितिका सदस्य डिल्लीराम घिमिरेले बताए । लेखा सुपरिवेक्षण समितिम एकजना सदस्य पछि थप गरिने बताइएको छ ।




यसैबीच संस्थाको नयाँ कार्यसमितिको पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ । निर्वाचन समितिका संयोजक भवानीप्रसाद दंगालले नवनिर्वाचित कार्यसमितिको नाम घोषणा गरे लगत्तै प्रमुख अतिथि विशिष्ट अतिथिहरुलाई प्रमाणपत्र प्रदान गर्दै अबिर टीका र खादा प्रदान गरेका थिए । उनले नवनिर्वाचित कार्यसमितिका सदस्यहरुलाई पद तथा गोपनियताको सपथ गराएका थिए ।

संस्थाका अध्यक्ष राजकुमार दाहालको अध्यक्षता तथा संविधानसभा सदस्य रवीन कोइरालाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि कोइरालाले नेकपा, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र राप्रपा मेचीनगर समितिले साझा रुपमा पठाएको लिखित शुभकामना सन्देश संस्थाका नवनिर्वाचित अध्यक्ष राजकुमार दाहाललाई हस्तान्तरण गरेका थिए ।

समितिका सदस्य सुरेन्द्रकुमार बुढाथोकीले स्वागत गरेको कार्यक्रममा प्रदेश नम्बर १ का प्रदेश सभा सदस्य राधा थापा, मेचीनगर नगरपालिकाका कार्यवहाक प्रमुख मीना पोखरेल उप्रेती, संविधान सभा सदस्य उषा गुरुङ, नेकपा मेचीनगर कमिछि इञ्चार्ज देवकुमार राई, अध्यक्ष माधवलाल अर्याल, नेपाली कांग्रेसका मेचीनगर सचिव हस्तबहादुर आङदेम्बे, राप्रपा मेचीनगर अध्यक्ष सुशील आचार्य, जनता समाजवादी पार्टीका नेता तथा निर्वाचन समिति सदस्य केवलराम राई, जिल्ला सहकारी संघ झापाका सदस्य तथा मेची कृषक सहकारी संस्थाका उपाध्यक्ष दुर्गाप्रसाद सापकोटा लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन समितिका सदस्य डिल्लीराम घिमिरेले गरेका थिए ।

# ३८ जनाले गरे रक्तदान

**बिर्तामोड, पुस ३।** रिभुलेसन युथ क्लबको आयोजना तथा सुखानी शहीद स्मृति प्रतिष्ठान, अर्जुनधारा सरसफाई अभियान, हाम्रो अभियानको सहआयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

झापामा भइरहेको रगतको अभाव टार्न रक्तदान जीवनदान भन्ने उद्देश्यले अर्जुनधारा-९ स्थित सुखानी शहीद स्मृति प्रतिष्ठानको परिसरमा रक्तदान कार्यक्रम गरिएको रिभुलेसन युथ क्लबका अध्यक्ष सुरेन राईले जानकारी दिए ।

नेपाल रेडक्रस सोसाइटी झापाको प्राविधिक सहयोगमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाका उपसचिव ओमप्रकाश लुइँटेलले ७३औं पटक रक्तदान गरेका थिए भने रिभुलेसन युथ क्लबका अध्यक्ष सुरेन राईले १९औं पटक रक्तदान गरेका थिए ।



कार्यक्रममा ३८ जनाले रक्तदान गरेको हाम्रो अभियानका अभियन्ता विष्णु आचार्यले जानकारी दिए ।

# कृषकलाई स्प्रे ट्यांकी



**कमल, पुस ३।** कमल गाउँपालिका वडा नम्बर ६ का अगुवा कृषकलाई स्प्रे ट्यांकी वितरण गरिएको छ ।

वडा नं. ६ को बार्षिक कार्यक्रम अन्तर्गत कृषकहरूलाई दुई लाख ५० हजार मूल्य बराबरको ५० थान इलेक्ट्रिक रिचार्जेबल स्प्रे ट्यांकी वितरण गरिएको हो । कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले कृषकलाई ट्यांकी वितरण गरेको वडाध्यक्ष नरेन्द्र भट्टराईले जानकारी दिए ।

कृषकले लगाएको बालीमा आईपर्ने आकस्मिक समस्यालाई रोकथाम गर्न सहयोग पुग्ने र कृषकले आफ्नो उत्पादन बढाउन सक्ने कृषि शाखा प्रमुख महेन्द्र बोहोराले बताए ।

# बलात्कारी बाबु पक्राउ

**उदयपुर, पुस ३।** उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा १३ वर्षीय छोरीलाई पटक-पटक बलात्कार गरेको अभियोगमा ४० वर्षीय बाबु पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार जिल्लाको त्रियुगा नगरपालिका-११ का ४० वर्षीय बाबुलाई केही समययतादेखि पटक-पटक बलात्कार गरेको अभियोगमा पक्राउ गरिएको हो ।

प्रहरीमा छोरी बलात्कार गरेको निवेदन परेपछि उनलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान शुरु गरेको उदयपुर जिल्लाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक भीमप्रसाद दाहालले बताए । पीडित बालिकालाई जिल्ला अस्पतालमा स्वास्थ्य जाँच गराइएको पनि प्रहरीले जनाएको छ ।

# चिसोले चार जनाको मृत्यु

**झापा, पुस ३।** केही दिनयता बढेको अत्यधिक चिसोका कारण एक साताको अवधिमा सिरहामा चार जनाको मृत्यु भएको छ ।

चिसोका कारण जिल्लाको बरियारपट्टी गाउँपालिका-५ झिझौल निवासी २५ वर्षीय रवीन्द्र यादव, मिर्चैया नगरपालिका-११ गदहवा निवासी २५ वर्षीय अरुणकुमार यादव, कर्जन्हा नगरपालिका-३ बन्दीपुर निवासी ७० वर्षीय बिल्टु महतो र नाम ठेगाना खुल्न नसकेका एकको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलले बताए ।

त्यस्तै चिसो छल्न बालिएको घुरमा आगो ताप्नेक्रममा जलेर अन्य पाँच घाइते भई विभिन्न अस्पतालमा उपचार भइरहेको उनले बताए ।


## हार्दिक बधाई

स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.को प्रथम एकीकरण भेला तथा १३औं बार्षिक साधारणसभाबाट अध्यक्षमा **श्री केशव बस्नेत**, उपाध्यक्षमा **कमल थापामगर**, सचिवमा **मनोज भट्टराई**, कोषाध्यक्ष **पूजा खनाल**, त्यसैगरी सदस्यहरुमा **टीकाराम सिटौला, सुशीला विमली, कमला आचार्य उप्रेती, जागीरमान राई, घनश्याम नेपाल, कौशिकलाल परियार(भोला), गोपाल प्रसाई, कल्पना कार्की, पर्शुराम मगर, कृष्णप्रसाद देवकोटा, सुरेन्द्र बुढाथोकी,** साथै लेखा सुपरिवेक्षक समितिको संयोजकमा **विष्णुप्रसाद आचार्य,** सदस्यहरुमा **हरिप्रसाद फुयाल र तुलसीप्रसाद भण्डारी** चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरु सम्पूर्ण निर्वाचित कार्यसमितिको कार्यकाल सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



**पर्वत कार्की**
**भिजन हाउजिङ्ग प्रा. लि.**
बिर्तामोड-४, झापा

## हार्दिक बधाई एवम् शुभकामना



मेची चेम्बर अफ कर्मसको हालै सम्पन्न प्रथम साधारण सभाबाट गरिमायम अध्यक्षमा **ललितकुमार बोहोरा**, बरिष्ठ उपाध्यक्षमा **रवीनकुमार बस्नेत**, वाणिज्य उपाध्यक्षमा **कृष्णराज भण्डारी**, उद्योग उपाध्यक्षमा **बालकृष्ण रिजाल**, महासचिवमा **नारायाण प्रसाई**, सचिवमा **कृष्णकुमार पनेरु**, कोषाध्यक्षमा **मोहनकुमार श्रेष्ठ**, सह-कोषाध्यक्षमा **रुकमिणा आचार्य** तथा सदस्यहरुमा **सृजना पाण्डे, सुरज चौधरी, नरेशकुमार लावती, गोपीचन्द्र बराल, केशवराज दाहाल, कान्छा हुमागाई (गोकुल), सुवण भट्टराई, पुनित गोयल, प्रल्लाद थापा** सर्वसम्मत चयन हुनभएकोमा उहाँहरूप्रति हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

**पूनितकुमार बंशल**
मेचीनगर– १० धुलाबारी,
प्रदेश नम्बर १ झापा

## जाँड रक्सी सजिलोसँग छुटाइन्छ यौवन उपचार

तपाईमा भएको यौवन कमजोरी, पिनास, दम, खोकी, यूरिक एसिड **पायल्स फिस्टुला फिसर,** ग्याष्ट्रिक, अल्सर, महिलाको महिनावारी गडबढी पाठेघरको समस्याहरु सेतोपानी बग्ने, पथरिया, पिनास सबै उपचार हुन्छ । *(जाडरक्सी १०० प्रतिशत छुटाइन्छ ।)*

*दैनिक अनुभव वैध, कविराजबाट जाँच साथै प्रत्येक शनिबार डाक्टरबाट जाँच हुनेछ ।*

**फाल्गुनन्द आयूर्वेद फार्मेसी सेवा**
शनिश्चरेरोड, ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
(फोन: ९८४२६४३६१८/९८०७९९४८८०)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## जग्गा बिक्रीमा

अर्जुनधारा–८ कदमगाछी नजिक ३२ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ ।
मो. ९८०७९१०२२२

## घर बिक्रीमा

बिर्तामोड–५ मा
सम्पर्क: ९८१६९३४०८१

## फ्लाट तथा घर भाडामा

बिर्तामोडस्थित पश्चिम बस स्टेण्ट उत्तर होइवेले छोएको युनाइटेड फाइनान्स बसेको घरको दोस्रो तला बैंक, सहकारी, फाइनान्स, होटल लजको लागि २२०० स्क्वायर फिट भएको फ्लाट भाडामा छ । साथै त्यही घरको पछाडि रहेको २ तले घर समेत भाडामा छ ।
सम्पर्क : ९८५२६४१७४०
९८४४६९८३४०

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा–५, विहीवारे बजार लक्ष्मीपुर

## बिर्तामोड बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-४को

### सूचना ! सूचना !! सूचना !!!

यस बिर्तामोड साकोसका सम्पूर्ण सेयर सदस्यहरुलाई यो सूचना सूचित गरिन्छ । आ.व. २०७७ सालको आठौं वार्षिक साधारणसभा आगामी मिति २०७७/०९/१८ गते शनिबार सम्पन्न हुने जानकारी गराइन्छ । कोभिड–१९ का कारण स्वास्थ्यलाई मध्यनजर गर्दै र सामाजिक दूरी कायम गर्दै यसपालीको साधारणसभा सिमित संख्यामा प्रतिनिधिमूलक रुपमा सम्पन्न गरिने समेत जानकारी गराइन्छ । यसबाट शेयर सदस्यहरुमा पर्न जाने असुविधाप्रति संस्था क्षमा प्रार्थी छ ।

साधारणसभा हुने स्थान : साई पार्टी प्यालेस (भद्रपु स्टेन)

**सरोजकुमार उप्रेती : अध्यक्ष** (सम्पर्क: ९८४२७८३६६६/९८६२६८१६५१)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## बिक्रीमा

बिर्तामोडमा चालू अवस्थामा रहेको आकर्षक रेष्टुरेन्ट तु–बिक्रीमा छ ।
सम्पर्क:
९८४०९९५४०४,९८४४६४५५७५

## आवश्यकता

सेल्स ड्राइभर : १ जना
सेल्स गर्ल : १ जना
तलब : आपसी समझदारीमा
मो. ९८०१४२४०१८,
९८०१४२३६४७

## ब्यूटीपार्लर बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोडबाट सिनेप्लाजा तर्फ जाने रोडमा चालू अवस्थामा रहेको ब्यूटीपार्लर सुपथ मूल्यमा बिक्रीम छ । आवश्यकपर्ने महानुभावले सम्पर्क गर्नुहोला ।
मो. ९८४२७३१७५४, ९८६०५८६१७१

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९/९८४१३२१४६४

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३–५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## छापाखाना

विभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम्प (छाप) | अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड
लेमिनेशन | डिजिटल प्रिन्ट

घिमिरे अफसेट प्रेस बिर्तामोडमा

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## बिना अप्रेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड–४, झापा
फोन न ०२३–५४१४६६/९८०६०००३१३/९८४२७१६५८८




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** जीवनशैलीमा परिवर्तन ल्याउनेछ । आफ्नो क्षेत्रमा प्रभाव जमाउन सफल भइनेछ । किर्तिमानी काम प्रारम्भ होला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व बढ्नेछ । साथीभाइले हिम्मत जगाउनेछन् प्रयत्न गर्दा नेतृत्व हातलागी हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा फाइदा हुनेछ । रोकिएका काम सम्पादन हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मेहनतले जिम्मेवारी पनि दिलाउनेछ । समाजमा तारिफयोग्य काम गर्दै राम्रो उपलब्धि हात पार्न सकिनेछ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ । भेटघाटले महत्वपूर्ण कामको जग बसाउने अवसर दिलाउनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ । स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** कामबाट तत्काल फाइदा नउठ्न सक्छ । न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ने स्थिति रहनेछ । काममा चुनौती देखिएला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सहयोगीहरूले साथ दिनाले चुनौतिहरूलाई पार लगाउन सकिनेछ । पशुधन र कृषिबाट सामान्य लाभ मिल्न सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चालु बन्नेछ । परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** यात्राको प्रक्रियाले खर्च बढानेछ । तापनि व्यावसायिक कामले यात्रा गराउला । उद्योग र व्यापारमा लाभ हुनेछ ।